"कृषि र पर्यटन विकासका आधार, जन्तेढुङ्गा गाउँपालिका समृद्धि र पुर्वाधार"

# आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रम

जन्तेढुङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिसापानी, खोटाङ
१ नं. प्रदेश, नेपाल

निति तथा कार्यक्रम २०७७/०७८

गाउँसभा वैठकमा मिति २०७७ साल असार ०९ गते गाउँपालिकाको
आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्य ज्यूहरु, सभाका सचिव ज्यू तथा कर्मचारी मित्रहरु,**
**उपस्थित सम्पूर्ण महानुभावहरु।**

संघीय संरचना अनुरुप स्थानिय तह अन्तर्गत जन्तेढुङ्गा गाउँपालिकाको तर्फबाट यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेको छु। यस अवसरमा राजनीतिक एवम् सामाजिक रुपान्तरणको लागि जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति आर्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

लामो समयसम्म जनप्रतिनिधि विहीन अवस्थामा समेत जनताप्रतिको सेवाभाव प्रस्तुत गरी जनताको सारथीको रुपमा भुमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु र आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरत्र खट्नुभएका जनप्रतिनिधि, कर्मचारी, राजनीतिक वर्ग, तथा गाउँपालिकाको विकासमा लागि आफ्नो अमुल्य सल्लाह सुझाव प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रदान गर्नु हुने सम्पूर्ण जनसमुदाय प्रति धन्यवाद ज्ञापन गर्दछु।
हाल विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण देशभित्र र देश बाहिर ज्यान गुमाउने नेपालीहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। कोभिड-१९ महामारीको यस विषम परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक र महामारी रोकथाम, नियन्त्रणमा खटिने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीको उच्च प्रशंसा गर्दछु।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुकूल गाउँपालिकावासी नागरिकहरुको जीवनस्तरमा मात्रात्मक एवं गुणात्मक परिवर्तन सुनिश्चित गर्न गाउँपालिकाको योजनाबद्ध विकासको जग बसाल्दै पन्ध्रौ पंचपर्षीय योजना र प्रदेश १ को प्रथम आवधिक योजनाले परिलक्षित गरेको

दीर्घकालीन लक्ष्य र उद्देश्यहरु हासिल गर्न सहयोग पुर्याउने हेतुले जन्तेढुङ्गा गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ।

जसका राष्ट्रिय रणनीतिहरु निम्नानुसार रहेको छः

१. तिव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा सुनिश्चित गर्ने,
३. आन्तरिक एवं अन्तर-प्रदेशीय अन्तर-आबद्धता एवं दिगो शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व बृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिवी निवारण र आर्थिक-सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण, परिचालन तथा उत्थानशीलता विकास गर्ने
८. सामाजिक सेवाको सुदृढीकारण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता प्रबर्द्धन गर्ने।

**उपस्थित सम्पुर्ण महानुभावहरु**

सम्पूर्ण विश्व नै कोभिड-१९ कोरोना भाइरस महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा २०७६/७७ मा स्विकृत योजना तथा कार्यक्रमको आकार भित्र रही जेष्ठ मसान्त भित्र बजेट खर्च गरी सक्ने लक्ष्यका साथ तिव्र गतिमा काम बढाइएको थियो तर कोभिड-१९ ले सृजना गरेको विषम परिस्थिति बिच यस चालु वर्षको मुल्याङ्कन गर्दा सोचे अनुरुप कार्यक्रम संचालन तथा बजेट खर्च प्रतिशत कम भए पनि यस गाउँपालिकाको गौरवशाली योजनाहरु जन्तेढुङ्गा गाउँपालिका प्रशासकीय भवन तिव्र रुपमा निर्माण भइरहेको, जन्तेढुङ्गाको केन्द्र चिसापानी लगायत आवस्किय जनताहरुको लागि खानेपानी पदपुर्तिको लागि १७ कि.मि. दुरीबाट खानेपानी योजना तिव्र रुपमा काम भइरहेको र ग्रामिण विद्युतिकरण अन्तर्गत विद्युतको कार्य पनि संचालनमा रहेको र हाल विद्युत प्राधिकरणबाट प्राप्त भएको करिब ५०० पोल तार तथा आवस्किय सामान यातायात

नीति तथा कार्यक्रम २०७७/०७८

तथा विद्युत कल कारखाना बन्द भएको हुँदा हाल सो सामान यस गाउँपालिकासम्म ल्याउने प्रकियामा रहेको छ। आगामी वर्षमा यस गाउँपालिकाको ३ वटा गौरवशाली योजनाहरु सम्पन्न गर्ने लक्ष्य लिएको छ।यस प्रक्रिया झै आगामि बर्ष पनि यस गाउपालिकाको गौरबशाली योजनाहारु छनोट गरी निर्माण प्रक्रियामा लैजाने कुरा जानकारी गराउद छु ।

आज म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**कृषि तथा पशु पालन कार्यक्रम**

- कोभिड-१९ को महामारीको कारण वैदेशिक तथा स्वदेशमा बेरोजगार रहेको दक्ष युवाहरुलाई कृषि तथा पशु पालन, साना उद्योग र स्वरोजगार आवद्ध हुने वातावरण सृजना गरी उनीहरुको सिप र अनुभवलाई मानव पुजीको उत्पादनशिल क्षेत्रसँग जोड्न उनीहरुको आत्माविश्वासलाई पुनर्ताजगीकृत गर्न र व्यवसायिकताद्वारा कृषि क्षेत्रको आत्मनिर्भरतालाई वृद्धि गर्दै समृद्ध यस गाउँपालिका निर्माण गर्न एक गाउँ एक उत्पादन कार्यक्रम लागु गरिने छ।
- किसानको उत्पादनलाई खेर जान नदिन उत्पादित वस्तुको वजार व्यवस्थापन, सुरक्षित भण्डारण गर्नको लागि आगामी वर्षमा कृषि क्षेतिपुर्ति कोष स्थापना तथा मझौला सित भण्डार स्थापना तथा संचालन गरिने छ।
- नेपाल सरकारसँगको सहकार्यमा एक गाउँ एक प्राविधिक कार्यक्रम संचालन गरी प्रत्येक वडामा १-१ जना कृषि र पशु प्राविधिकको व्यवस्था गरिने छ।
- यस गाउँपालिकाको पकेट क्षेत्र अन्तर्गत अन्नबालीमा धानको क्षेत्रमा सावाखोला क्षेत्र, मैनटार क्षेत्र, पशुपालन बाख्रामा जन्तेढुङ्गा-१ र ३, भेडाको लागि वडा नं ४, नगदे बाली अलैचीमा वडा नं २ बोपुङ, वडा नं ५ मालबासे, वडा नं ४ चुम्लुङ्ग, फलफुलमा सुन्तलामा जन्तेढुङ्गा वडा नं ५ घोर्ले, वाचिपाला, भिरगाउँ पाथिभारा, वडा नं ६ सातमारा, सोभे, वडा नं ४ कार्तिके, आलुको लागि वडा नं ४ डम्बर्खुशिवायल र कागतीको लागि यस गाउँपालिकाको प्राय क्षेत्र समेटिने हुँदा प्राविधिक दृष्टिले उपयुक्त हुने स्थान समेटी पकेट ब्लक कार्यविधि अनुसार पकेट ब्लक संचालन गरिने छ।

निति तथा कार्यक्रम २०७७/०७८

- नविन तथा दिघो कृषि प्रविधिहरु अबलम्बन गरी समुदायमा अनुकरणिय कार्य गर्ने अगुवा किसानहरुलाई एक टोल एक स्रोत व्यक्तिको रुपमा परिचालन गर्ने निति लिइने छ।
- सिकाई केन्द्र नामाकरण गरी यस आ.व. वर्षमा कृषक अनुसन्धान केन्द्र स्थापना गरी एकै थलोमा बागबानी, पशुपंक्षि तथा बाली विकास कार्यक्रमको अनुसन्धान तथा प्रर्दशन गर्नको लागि कृषक समूह, कृषि तथा उद्यमीसँग सहकार्य गर्ने नितिलाई निरन्तरता दिइने छ।
- माटोको उर्वरा शक्ति वृद्धि तथा कायम राख्नको लागि क्रमश रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै विगतमा संचालित गोठेमल सुधार तथा भकारो व्यवस्थापन, कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ।आगामी वर्ष रासायनिक मलको प्रयोगको हिस्सालाई न्यूनतम विन्दुमा कायम गरिने छ।पशुपालन गर्ने सहकारी कृषक समूह तथा किसानहरुलाई प्राङ्गारिक मल उत्पादन तथा प्रयोगको लागि प्रोत्साहान गरिने छ।
- आगामी १० वर्षमा कृषि भूमिमा आधारित जैविक प्राङ्गरिक मल र जैविक विषादीको प्रयोग गरी गाउँपालिकालाई अर्गानिक क्षेत्र घोषणा गर्ने नीति लिइने छ।
- नेपाल सरकारको तीन खम्बे नीति अन्तर्गत एक खम्बा सहकारी भएकोले यस गाउँपालिकामा एक वडा एक कृषि सहकारी कार्यक्रम लागु गरीने छ।
- कृषि बजार व्यस्थित तथा किसानमुखी बनाउन क्रमश रष्टिक स्टोर, संकलन केन्द्र, शितभन्डार, निर्माण गरिदै लगिने छ।जसमा हाललाई आलुको विउ भण्डारणको लागि जन्तेढुङ्गा वडा नं ४ मा रष्टिक स्टोर स्थापना गरिने छ।
- किसानलाई उन्नत विउ विजन वितरण गरिने छ।साथै विउ विजन कार्यविधि तय गरी आगामी दिनमा यस गाउँपालिकाका किसानबाट नै उन्नत विउ विजन उत्पादन गराइ विउ बैंक स्थापना गरिने छ।आगामी ५ वर्षमा उन्नत विउ विजन आयात निषेध पालिकाको परिकल्पना गरिएको छ।
- यस गाउँपालिकाको केही क्षेत्रमा पानीको अभाव भएकोले सो परिपुर्ति गर्न प्लास्टिक पोखरी समपुरक कोषको सिद्धान्त अनुसार वितरण गरिने छ।

- कृषिको व्यवसायिकरण गर्नको लागि करार खेती, सहकारी खेती तथा सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ।

**शिक्षा कार्यक्रम**

- कोभिड-१९ कोरोना भाइरसको विसम परिस्थितिको कारण यस गाउँपालिकाम संचालित विद्यार्थीहरुको परिक्षा तथा पठनपाठनमा पर्न गएको असरलाई मध्य नजर गरी सरोकारवालाहरुसँग छलफल यथासकिय कार्य योजना निर्माण गरिने छ।नेपाल सरकारले लिएको निति अनलाईन शिक्षा, भर्चुअल शिक्षा तथा सूचना तथा संचार प्रविधिको प्रभावकारीता उपयोग गर्न सम्भव भएमा आवस्किय पूर्वधार विकास गरिने छ।
- नेपाल सरकार प्रदेश नं १ ले लिएको निति सबै नागरिकलाई साक्षर बनाउन भन्ने अभियानलाइ सफल बनाउन प्रदेशसँग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
- महिला, अपाङ्ग, गरिव, जेहेन्दार व्यक्तिहरुको उच्च शिक्षामा पहुच बढाउन निति तथा कार्यक्रम निर्माण गरी कार्यक्रम संचालन गरिने छ।
- विद्यालयको शिक्षाको गुणस्तरमा मुख्य रुपमा जोड दिदै विद्यालयहरुको व्यवस्थापन सुधारमा आगामि दिनमा कार्य योजना बनाई लागु गराइने छ।
- यसै आर्थिक वर्षमा यस गाउँपालिका भित्रका सबै विद्यालयमा इ-हाजिरीको व्यवस्था गरी लागु गरिने छ।
- विद्यालयका प्र.अ., शिक्षक तथा सरोकारवालाहरुलाई थप जिम्मेवारी बनाउन करार प्रणालीलाई थप प्रभावकारी रुपमा लागु गरिने छ।यस कार्यको लागि करार सम्झौता शैक्षिक शत्र सुरु हुनु अगावै लागु गरिने छ।
- जिर्ण विद्यालय पुन निर्माण तथा आवश्यक विद्यालयमा नयाँ विद्यालय भवन निर्माण गरिने छ।
- प्रत्येक विद्यालयहरुलाई बाल मैत्रि, अपाङ्ग मैत्री तथा महिला मैत्री विद्यालयको रुपमा विस्तार क्रमश विकास गरिने छ।जसमा यस आ.व.मा प्रत्येक छात्राहरुलाई सेनेटरी प्याडको व्यवस्था गरिने छ जसको लागि यस आ.व.मा बजेटको व्यवस्था गरेको छु।

निति तथा कार्यक्रम २०७७/०७८

- शैक्षिक पहुँच सुनिस्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन गरिने छ।
- विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहान कार्य गरिने छ।विद्यालयमा अध्यानरत विद्यार्थीहरुका लागि आवासिय तथा गैर आवासिय छात्रवृति प्रदान गरिने छ।
- नमुना विद्यालय श्री चिसापानी नमुना माध्यमिक विद्यालय चिसापानीलाई प्रविधि मैत्रि विद्यालयको रुपमा विकास गर्दै आगामी दिनमा कृषि तर्फको १२ सम्म अध्यापन गराउनुको लागि सरोकारवालासँग पहल कदमी गरिने छ।
- नमुना विद्यालय श्री चिसापानी नमुना माध्यमिक विद्यालय चिसापानीमा स्नातकसम्मको पठन पठान गर्ने कार्यलाई अझ दिगो रुपमा निरन्तरता दिइने छ।जसको लागि यस गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गरिएको छ।
- यस गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ।जसको लागि संभाव्य अध्ययन गरिने छ।
- आधारभूत तहको खुद भर्ना दर शून्य दरमा ल्याउन ठोस कार्य नीति लागु गरिने छ।जसको लागि प्रत्येक विद्यालयको कक्षा १ देखि ५ सम्मको विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम नेपाल सरकारसँग समन्वय गरी संचालन गरिने छ।
- शैक्षिक सत्रको शुरुमा विद्यार्थी भर्ना प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गर्न स्वागत, सचेतना कार्यक्रमका लागि व्यवस्था गरिने छ।
- सूचना प्रविधिसँग शिक्षालाई समाहित गर्न आगामी दिनमा इ-लाइवेरी क्रमश हरेक विद्यालयमा लागु गरिने छ।
- क्रमश हरेक विद्यालयलाई प्रविधिसँग जोड्न कम्प्युटर तथा सोलर खरिद गर्न पनि यस बजेटमा व्यवस्था गरिएको छ।
- यस गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरी लागु गर्न यस बजेटले व्यवस्था गरेको छ।

- "विद्यालय सित गाउँपालिका कार्यक्रम" मार्फत अभिभावक, विद्यार्थी, शिक्षक संयुक्त अन्तर्क्रिया कार्यक्रम गरेर विद्यालयमा देखिएको समस्या समाधान गरिने छ।
- नेपाल सरकारको नीति अनुरुप मातृभाषा शिक्षा (पुमा राई, वान्तवा राई, चाम्लिङ्ग राई, नेवार, तामाङ्ग)को पठन पाठन व्यवस्थापनको लागि नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रसँगको सहकार्यमा पाठ्यक्रम विकास गरी यस आ.व.मा ऐच्छिक रुपमा आधारभूत तहसम्म पठन पाठनको व्यवस्थापन गरिने छ।

**उपस्थित सम्पुर्ण महानुभावहरु,**

**स्वास्थ्य कार्यक्रम**

- कोभिड-१९ को महामारीको कारणले यस गाउँपालिकालाई परेको असरलाई महसुस गर्दै यस कोभिड-१९ महामारीलाई रोकथाम तथा नियन्त्रण गर्नको लागि कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचार कोष मार्फत खर्च हुने गरी आवश्यक वजेट व्यवस्था गरेको छु।कोभिड-१९ महामारीको विश्वव्यापी संकटका कारण विभिन्न भागमा काम गरिरहेका नेपालीको रोजगारी गुमेको अवस्थालाई मध्य नजर गरी विदेशबाट फर्केका युवाहरुको लागि यस कोष र अन्य कार्यक्रमबाट रोजगारी प्रधान गरिने छ।
- कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिको सन्दर्भमा गाउँपालिकाको तात्कालिक आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा गरी लागु गरिने छ।जसको लागि यस आ.व.मा बजेट व्यवस्था गरेको छ।
- कोभिड-१९ को प्रकोपलाई मध्य नजर गरी यस गाउँपालिकामा विदेशबाट तथा अन्य स्थानबाट आएका व्यक्तिहरुको लागि क्वारेन्टाइन तथा आइसोलेसन वार्डहरुलाई कार्यविधि अनुरुप स्तरोन्नती तथा वृद्धि गरिने छ।
- यस गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा बहिरङ्ग जाँच कक्ष, वेड, आकस्मिक कक्ष, प्रयोगशाला, आवस्किय स्वास्थ्य सामाग्री, रेडियोग्राफर

तथा अति आवस्किय वस्तुको व्यवस्था गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि स्तरोन्नती गरिने छ।

- नेपाल सरकारबाट यस गाउँपालिकामा १५ शैया अस्पताल निर्माणको लागि बजेट व्यवस्था भएको हुँदा सो कार्यको लागि जग्गा तथा अन्य आवस्किय कार्य पुरा गरी यस आ.व.मा निर्माण सुरु गरिने छ।
- यस गाउँपालिकामा रहेका विपन्न, गरिब, दलित, जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले तोकेका निशुल्क औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रम संचालन गरिने छ।सो कार्यक्रमको लागि यस आ.व.मा बजेटको व्यवस्था गरेको छु।
- सुत्केरी महिलाहरुलाई यस गाउँपालिकामा रहेको एम्बुलेन्सको सेवा लिदाँ निशुल्क गर्ने कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिएको छु।मातृ तथा नव शिशु मृत्यु दरलाई घटाउनको लागि एकिकृत बाल स्वास्थ्य एवम् पोषण कार्यक्रम सम्बन्धी कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था नेपाल सरकारसँग समन्वय गरी व्यवस्था गरिएको छ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित बर्थिङ्ग सेन्टरको स्तरोन्नती गरिने छ।
- ग्रामिण क्षेत्रमा उपयुक्त देखिएको टेलि मेडिसिन कार्यक्रमको अध्ययन गरी आगामी वर्षमा यस कार्यक्रम  लागु गरिने छ।
- महामारीको रुपमा हुन सक्ने प्रकोप नियन्त्रण गर्ने कार्य योजना निर्माण गरिने छ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको योगदानलाई कदर गर्दै कामको उच्च सम्मान गरिने छ।
- सरसफाई गुरु योजना २०६८ अनुसार प्रत्येक विद्यालयमा विद्यालय स्तरिय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गरी विद्यालयको अगुवाईमा पूर्ण सरसफाई कार्यक्रम **(SLTS)** सिद्धान्तमा आधारित कार्यक्रम संचालन गरिने छ।
- महिलाहरुका पाठेघर खस्ने समस्यालाई निशुल्क उपचार तथा जनचेतनाको कार्यक्रम संचालन गरिने छ।

- एक घर एक स्वास्थ्य विमा कार्याक्रमलाई अझ प्रभावकारी रुपमा लागु गर्न सचेतना कार्यक्रम संचालन गरिने छ।
- सबै यस गाउँपालिकाको स्वास्थ्य संस्थामा ग्रामिण भिडियो एक्स-रे कार्यक्रम संचालन गरिने छ।
- प्रा.स्वा.केन्द्र तथा वडा स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टरहरु, बर्थिङ्ग सेन्टरहरुका स्तरोन्नती तथा संचालन गरिने छ।
- स्वास्थ्य संस्थाको कार्यक्रम अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ।

**खानेपानी, सरसफाइ तथा सिचाई**

- पालिका स्तरिय खानेपानीको स्रोत पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार भई खानेपानीको आयोजना संचालित रहेको छ यस कार्य यस आ.व.मा सम्पन्न हुने गरी कार्यक्रम संचालन गर्नको लागि नेपाल सरकारसँग समन्वय गरी सम्पन्न गरिने छ।अन्य यस पालिकाहरुको मुहान पहिचान गरी यस आ.व.मा विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार गरिने छ।
- खानेपानी आयोजना संचालन गर्न संघ, प्रदेश तथा दाताहरुसँग अनुदान, ऋणको रुपमा सहकार्य गरिने छ।
- हाल संचालन तथा बिग्रेर रहेका खानेपानी आयोजनालाई लगत संकलन गरी ठोस निति तयार गरी लागु गरिने छ।साथै पालिका स्तरिय खानेपानी आयोजनामा **"एक घर एक धारा, एक घर एक चर्पी"** नितिलाई अवलम्बन गरी प्रत्येक घरमा मिटरको व्यवस्था गर्ने निति लागु गरिने छ।
- खानेपानी तथा सरसफाई ऐन, नियमावली तथा नीति यस आ.व.मा निर्माण गरी लागु गरिने छ।
- खानेपानी मुहानको संरक्षण गर्न वृक्षरोपण कार्य तथा जनचेतना कार्यलाई तिव्ररुपमा लागु गरिने छ।
- नेपाल सरकारको नीति अनुरुप गाउँपालिका स्तरिय/ वडा स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन, क्षमता विकास, नीति निर्माण गरी लागु गरिने छ।

नीति तथा कार्यक्रम २०८०/०८१

- यस गाउँपालिकाको पूर्ण सरसफाई गुरु योजना निर्माण गरी आगामी ५ वर्षमा यस गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिने छ।
- खानेपानीको स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भुमिगतको पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग, एकिकृत उपयोग तथा पुन उपयोगलाई प्रोत्साहन र प्रवर्धन गरिने छ।
- खानेपानी तथा सरसफाई आयोजनाको डिजाइन तथा निर्माणमा जल वायु परिवर्तन प्रभाव न्युनिकरण तथा प्राकृतिक विपद व्यवस्थापन अनुकुल अबयवहरुलाई समेत सामावेश गरी जोखिम न्युनिकरण तथा दिगोपना कायम गरी कार्यक्रम संचालन गरिने छ।
- गाउँपालिकामा संचालित ढम्पिङ्ग साइडलाई अझ व्यवस्थित तथा स्तरोन्नती गरी संचालन गरिने छ।
- नेपाल सरकार तथा दातृ निकायको समपुरक कोषको सिद्धान्तमा आधारीत साना सिंचाई आयोजनालाई निरन्तरता दिन बजेटको ब्यायबस्था गरीएको छ।यस आ.व. मा ४ वटा साना सिचाईका आयोजानहरू संचालन गरिने छन।

**पर्यटन, वन तथा संस्कृति**

- धार्मिक, संस्कृतिका, ऐतिहासिक र प्राकृतिक क्षेत्रको संरक्षण, सम्बर्द्धन गर्दै सम्भावनाको आधारमा पर्यटकीय क्षेत्रको विकास कार्यक्रम संचालन गरिने छ।पर्यटकिय तथा धार्मिक स्थल जन्तेढुङ्गा, होङ्मा पोखरी र भ्यू टावरको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** सम्पन्न भई आगामी वर्षमा सो अनुसारको संघ, प्रदेशसँग समन्वय गरी कार्यक्रम निर्माण गरिने छ।
- यस आ.व.मा ऐतिहासिक स्थान जन्तेढुङ्गाको पहिचान विकास प्रचार प्रसार तथा यस गाउँपालिकाको विकासको लागि जन्तेढुङ्गा महोत्सव कार्यक्रम संचालन गरिने छ।सोको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- धार्मिक तथा पर्यटकिय स्थल पंचकन्या पोखरी पूननिर्माण, १० पगरी किराती राईहरुको तथा गैर किरातीहरुको धार्मिक तथा पर्यटकिय क्षेत्र छोङ्बाचण्डीको

विस्तृत परियोजना प्रतिवेदनको **(DPR)** सम्पन्न गरिने छ। यसको लागि पनि बजेट विनियोजान गरेको छु।

- वन व्यवस्थापनलाई प्रभावकारी रुपमा संचालन गर्न यस गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक वन महासंघसँग सहकार्य गरी ठोस कार्यक्रम संचालन गरिने छ।
- सडक तथा अन्य कारणले क्षति पुगेका वन जंगलमा पुन वृक्षरोपण कार्यको थालनी गरिने छ।
- जन्तेढुङ्गा, छौंखाचण्डी, तुप्खालावांखाला कुइभिर, भानुमति, होङ्गमा पोखरी जस्ता ऐतिहासिक ठाउँहरुको अध्ययन अनुसन्धान तथा विस्तार गर्न पर्यटन बोर्डसँग सहकार्य गरिने छ।

**पुर्वाधार विकास**

- सडक सञ्जालबाट प्रत्येक वडा गाउँपालिकाको केन्द्रसँग जोडिएको अवस्थामा आगामी दिनमा दिगो रुपमा संचालन गर्नको लागि यसै आर्थिक वर्षमा सडकको गुरु योजना निर्माण गरी सोही अनुरुप कार्य योजना/आवधिक योजना बनाइ लागु गरिने छ।
- यस आ.व.मा सावाखोला-चिसापानी-निगालवास-देविस्थान फेदी-कुलाबाध, छेमावा-कुईभिर-भञ्याङखर्क र चिसापानी-छेमावा-काहुले-बुवाखोला-बोपुङ-आहाले-हिउराङ्ग-कुलाबाधसम्मको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार गरिने छ। यसको लागि पनि आवश्किय बजेट व्यवस्था गरेको छु।
- चिसापानी वंशिलाघाट र चिसापानी देखि अन्य मुख्य सडकहरुको कार्य योजना बनाइ सरोकारवालासँग तदारुकताकासाथ समन्वय गरिने छ।
- यस गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाको कडाइका साथ अनुगमन गरी लागु गरिने छ।
- विद्युत विस्तारको कार्य हाल तदारुक्ताका साथ भइरहेको र यस आ.व.मा भित्रमा यस गाउपालिकाको लगभग ७० प्रतिशत जनताको घरमा विद्युतिकरण गराई सक्ने गरी कार्यक्रम संचालन गरिने छ।

- साना जल विद्युत आयोजनालाई व्यवस्थित गर्न सहकार्यको रुपमा कार्यहरु गरिने छ।
- नेपाल सरकारको एकिकृत वस्तिको नीतिलाई अवलम्बन गर्दै सम्भाव्य अध्ययन गरिने छ।
- जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक सहयोगमा निर्माण भईरहेको शसस्त्र बेस क्याम्प यस आ.व.मा सम्पन्न गरी शसस्त्र प्रहरी बेस क्याम्प चिसापानीलाई हस्तान्तरण गरिने छ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम, सहकारी र स्वारोजगार**

- कोभिड-१९ को विश्वव्यापी रुपमा फैलिएको कारणले विदेशमा रहेका नेपालीहरु बेरोजगार भई नेपाल फर्किने अवस्था रहेको हुँदा सो व्यक्तिहरुलाई उनीहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्युनतम रोजगारी प्रदान गरिने रणनीति अवलम्बन गरिने छ।
- नेपालको संबिधान २०७२ को धारा ३३ अनुसार रोजगारीको हकलाई सुरक्षीत गर्दै न्युनतम बेरोजगार व्यक्तिहरुलाई १०० तथा ५० दिनको रोजगारी प्रधान गर्ने नीति अनुरुप यस गाउँपालिकाले रोजगार कार्यक्रम अन्तर्गतका सडक मर्मत, निर्माण कार्यमा बेरोजगार व्यक्तिबाट गर्ने गरी बजेट व्यवस्थापन गरेको छु।जसमा चिसापानी- फेदि-मैनटार सडक मर्मत, बोपुङ-हुमालोङ्ग-कुलाबाध, छिमावा-काहुले-बुवाखोला, चिसापानी-सावाखोला र छिमावा-भञ्याङ्गखर्क सडक मर्मत कार्यमा पूर्ण रुपमा यस गाउँपालिकामा रहेका बेरोजगार र विदेशबाट फर्केका व्यक्तिहरुलाई रोजगारी प्रदान गरिने छ।
- नेपाल सरकार गरिबि निबारण कोष द्धारा संचालित कार्यक्रम हाल यस गाउपालिकालाई हस्तातरण भएको ६४ वटा संस्थालाई नेपाल सरकारको निर्देशन अनुरुप मर्जिङ्ग मार्फत यस आ.व.मा सहकारी ऐन अनुसार सहकारीमा परीणत दर्ता गरी संचालन गर्ने ब्याबस्था गरिने छ।सो कार्यको लागि कर्मचारी तथा कार्ययोजना निर्माण गरी लागु गरीने छ।

- सहकारी संस्थाहरुको दर्ता नविकरण, नियमन तथा अनुगमनलाई सहभागी मुलक बनाई सहकारीमा संस्थागत वित्तिय सुशासनको प्रवर्द्धन गरिने छ।सहकारी क्षेत्रमा कार्यरत जनशक्तिलाई क्षमता विकास सहकारी शिक्षा मार्फत उद्यमसँग जोडिने छ।

**युवा तथा खेलकुद कार्यक्रम**

- "स्वास्थ्य नै खेलकुद" भन्ने नाराका यस आ.व.मा खेलकुद विकासका लागि विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार गरिने छ।
- राष्ट्रपति रनिङ्ग प्रतियोगिता यस आ.व.बाट सुरुवात गरिने छ।
- युवाहरुलाई उद्यमशिल रोजगार, स्वरोजगार बनाउनको लागि **"गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम"** मार्फत युवाहरुको मागमा आधारित कार्यक्रम संचालन गरिने छ।सोको लागि बजेट व्यवस्था गरेको छु।
- पालिकाको केन्द्रमा इन्डोर कर्भडहल निर्माणको लागि सम्भाव्य अध्ययन गरिने छ।
- हरेक वर्ष पालिका स्तरिय खेलकुद कार्यक्रम संचालन गर्न नीतिको व्यवस्था गरिने छ।
- व्यवसायिक खेलाडी उत्पादन गर्न ट्रेनिङ्गको व्यवस्था गरिने छ।

**महिला, बालबालिका, जेष्ठ नागरिक. अपाङ्ग तथा दलित**

- महिला वृद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्य गरिने छ।
- लैङ्गिक हिंसा अन्त्यका लागि समनता र समताको सिद्धान्तमा आधारित रणनीति तय गरिने छ।
- यस गाउँपालिकाका महिला, दलित, ज्येष्ठ नागरिक तथा बालबालिका लागि सम्मान कार्यक्रम हरेक वडामा संचालन गरिने छ।
- बाल मैत्रि स्थानीय शासन गाउँपालिका घोषण गर्नको लागि पहल कदमी गरिने छ।

नीति तथा कार्यक्रम २०८०/०८१

- बालबालिका तथा किशोरकिशोरीमा हुने सबै प्रकारको हिंसाको अन्त्य गर्ने गरी कार्यक्रम संचालन गरिने छ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवलाई भावी पुस्तासँग हस्तान्तरण गर्नको लागि सम्बाद क्लब मार्फत ज्ञान सिप आदान प्रदान गरिने नीति अवलम्बन गरिने छ।
- यस गाउपालिका संरक्षित समुदायको मुलप्रबाहीकरणमा समाबेस गर्नको लागि पनि बजेट ब्याबस्था गरेको छु।

**सुशासन**

- गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरुमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्वको सिद्धान्तलाई पूर्ण रुपमा लागु गरिने छ।
- भ्रष्टाचारमा शून्य सहन सिलताको नीति लागु गरिने छ।
- निर्माण उपभोक्ता समिति/अनुगमन समिति/कर्मचारीहरुलाई अभिमुखिकरणको व्यवस्था गरिने छ।
- राष्ट्र सेवकहरुलाई जिम्मेवार कर्तव्य निष्ठा र उत्तरदायी बनाई आचारणमा सकारात्मक परिवर्तन ल्याउन सुचक सहित कार्य सम्पन्न सम्झौता गरिने साथै दण्ड र पुरस्कारको उचित व्यवस्था गरिने छ।
- पारदर्शिता तथा उत्तरदायीत्वलाई गहन रूपमा लिई सार्बजिनक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यक्र, संचालन गरीने छ ।

**संस्थागत विकास**

- जन्तेढुङ्गा गाउँपालिकाको प्रशासकीय भवन यस आ.व.मा कार्यलय संचालन गर्न सकिने अवस्थामा पुराइ कार्यलय व्यवस्थापन गरिने छ।
- प्रत्येक वडामा प्रविधि मैत्रि बनाउन इन्टरनेटको व्यवस्था गरिने छ।
- गाउँपालिकाका सवै वडामा डिजिटलन नागरिक वडा पत्रको व्यवस्था गरिने छ।स
- सार्वजनिक स्थानमा क्रमश रुपमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ।

नीति तथा कार्यक्रम २०८०/०८१

- गाउँपालिका/वडा कार्यलाय/सार्वजनिक कार्यालयमा यसै वर्षबाट क्रमश रुपमा सि.सि. क्यामेराबाट निगरानी गरिने छ।
- एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणली (**EMIS**) कार्यन्वयन गर्नको लागि सबै विद्यालयमा आधारभूत कम्प्युटर तथा तालिम व्यवस्था गरिने छ।
- यस आ.व. वर्ष देखि भुकम्प प्रतिरोध घर निर्माण गर्ने अभियान अन्तर्गत घर, भवन निर्माण हुँदा अनिवार्य नक्सा पास गरेर मात्र घर भवन निर्माण गर्ने कार्यलाई तदारुकताका साथ लागु गरिने छ।
- सडकको पहुच भएको स्थानहरुमा घर, भवन निर्माण गर्दा अनिवार्य सडकको दाँया बाँया दुई मिटर छोड्नु पर्ने नीति लागु गरिने छ।

**राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली यस गाउँपालिकाको प्रत्येक वडामा स्थानपना गरी सञ्चालन गरिने छ।यस कार्यको लागि आवश्किय कम्प्युटर, इन्टरनेटको व्यवस्था गरिने छ।
- व्यक्तिगत घटना दर्ता किताब डिजिटाजेशन गरिने छ।
- प्रत्येक वडामा घटना दर्ता, सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गरिने छ।
- प्रत्येक वडाको तथ्याङ्क विवरण कम्प्युटराइज गरिने छ।

**प्रधानमन्त्री कृषि आधुनिक परियोजना**

- यस आयोजनाले प्रथम तह कृषि तथा पशुपालनमा संलग्न यस गाउँपालिका किसानहरुको तथ्याङ्क अध्यावधिक गरिने छ।
- अगुवा कृषक, किसान तथा नमुना किसानहरुको परिचय पत्र जारी गरिने छ।
- राष्ट्रिय तथा स्थानिय महत्वमा पोषण सुरक्षामा बाली तथा वस्तुको साना व्यवसायी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्भाव्य अध्ययनको आधारमा संचालन गरिने छ।
- यस कार्यक्रम अन्तरगर्त वंगुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्भाव्य अध्ययनको आधारमा नेपाल सरकारको सहकार्यमा संचालन गरिने छ।

अन्त्यमा उपस्थित सबै महानुभावमा धन्यवाद ज्ञापन गर्दै म बिदा हुन चाहान्छु।